# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
# १८ औं वार्षिक साधारण सभाको
# निर्णय माइन्यूट (बिवरण)

सभा मिति : २०७२ साल असाढ ३१ गते बिहीबार ( तदनुसार जुलाई १६, २०१५ )

सभा समय : दिउंसो ३.०० बजे

सभा स्थान : कुमारी पार्टी प्यालेस, गाबाहाल, ललितपुर ।

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
१८ औं वार्षिक साधारण सभाको
निर्णय माइन्युट (बिवरण)

**१. बैधानिक सभा**

कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको अठारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री सिद्धिगोपाल मानन्धरज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरि शु-सम्पन्न भयो ।

**२. सभाको मिति ,समय र स्थान :**

मिति : २०७२ साल अषाढ ३१ गते बिहीबार (तदनुसार जुलाई १६, २०१५)
समय : दिउंसो ३.०० बजे
स्थान : कुमारी पार्टी प्यालेस, गाबाहाल, ललितपुर ।

**३. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुरुप यस संस्थाको आर्थिक वर्ष २०७०/०७१ को मूद्रित वार्षिक प्रतिवेदन सहित अठारौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुका साथै कम्पनीको वेइभसाईटमा समेत राखियो तथा सो को सूचना मिति २०७०/०३/०८ मा आर्थिक अभियान दैनिक र मिति २०७२/०३/२३ मा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

**४. छलफलका विषय सूची :**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको बासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७०/७१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/७२ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।(वर्तमान लेखापरिक्षक टि.पी.अधिकारी एण्ड एशोशियट्स तिन वर्षे कार्यकाल सकिएकाले आ.व.०७१/७२ को लेखापरिक्षण गर्न कानुनन नमिल्ने व्यहोरा अनुरोध छ ।)
४. संस्थापक समुह “क” तर्फका ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।
५. विविध ।

क) संचालक समितिबाट बाँकी कार्यकालका लागि नियुक्त सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने २ (दुई) जना संचालकहरुको अनुमोदन गर्ने ।



प्रोग्रेशिभ फाइनान्स लि. २०५१

## ख. विशेष प्रस्तावहरु

१. अध्यक्ष,संचालक तथा कार्यकारी प्रमुखको नियुक्ति तथा कार्यकाल सम्बन्धमा नियमावली संशोधन गर्ने ।

२. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने,"बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली,२०७० "बमोजिम एक्विजिसन गर्ने गराउने,सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने,मान्यता प्राप्त परामर्शदाता,मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने,निजहरुको पारिश्रमिक निर्धारण गर्ने,गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र ( Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसंग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी दिने ।

## ५.उपस्थिति :

### ५.१ संचालक समितिका पदाधिकारीहरु :

१. अध्यक्ष श्री सिद्धि गोपाल मानन्धर,
२. संचालक डा.खडानन्द दुलाल,
३. संचालक श्री रणदेव कृष्ण श्रेष्ठ,
४. संचालक श्री लक्ष्मण यादव

### ५.२ अन्य उपस्थिति :

१. प्रमुख कार्यकारी अधिकृत÷कम्पनी सचिव श्री विशाल हुमागाँई,
२. नेपाल धितोपत्र वार्डका प्रतिनिधि, श्री भरत अर्याल,
३. निर्वाचन अधिकृत, श्री मिलन राई
४. कानूनी सल्लाहकार, श्री भिमसेन बञ्जारा
५. यस वित्तीय संस्थाका व्यवस्थापन समुहका अन्य सदस्यहरु,

### ५.३ शेयरधनी महानुभावहरु :

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित | : | १०० जना |
| २. प्रतिनिधी मार्फत उपस्थित | : | ३३ जना |
| जम्मा उपस्थित | : | १३३ जना |

प्रोग्रेसिभ फाइनान्स लि. २०५१

६.गणपुरक संख्या : उल्लेखित उपस्थितिका आधारमा

| विवरणँ | कुल संख्या | स्वयम् उपस्थित (क) र (ख) | प्रतिनिधी मार्फत (क) र (ख) | जम्मा (क+ख) | जम्मा विक्री भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | १,४४२ | १०० जना | ३३ जना | १३३ जना | ५६.१४% |
| शेयर संख्या | १२,००,००० | १,६१,५८० | ५,१२,०४० | ६,७३,६२० | |

७. सभाको बैधानिकता:

यो सभा कम्पनी ऐन २०६३ को ब्यवस्था भए बमोजिम बोलाइएको र दफा ७३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा बैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडी बढाइयो ।

८. सभाको सभापतित्व र सभा संचालन:

सभाको प्रारम्भमा यस सभाको सभापतित्व गरिदिन संचालक समितिका अध्यक्ष श्री सिद्धिगोपाल मानन्धरज्यूलाई सभा संचालकले अनुरोध गर्नु भएपछि वहाँले सभाको सभापतित्व ग्रहण गर्नु भयो तथा पानसमा दिप प्रज्वलन गरी सभाको समुद्घाटन समेत गर्नुभयो ।

९. अठारौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती:

९.१ अठारौं वार्षिक साधारण सभा प्रतिवेदन प्रस्तुती :-

छलफलका विषयको प्रथम प्रस्ताबमा रहेको अठारौं वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्न हुन सभाका सभापतिज्यूलाई अनुरोध गरिएपछि सभाका सभापति श्री सिद्धिगोपाल मानन्धरज्यूले प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

९.२ लेखापरिक्षण प्रतिवेदन समेतको हिसाव प्रस्तूती

तत्पश्चात् सभापति महोदयज्यूले आ.व. २०७०/०७१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेतको हिसाव अठारौं वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०. छलफलको लागि आव्हान :

सो वार्षिक प्रतिवेदन को प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य विषयमा आफ्ना जिज्ञासा, मन्तव्य र सकारात्मक सुझाब प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो । त्यस पछि निम्न शेयरधनी महानुभावहरुले आफ्ना जिज्ञासा तथा सुझाबहरु सभामा प्रस्तुत गर्नु भयो ।

प्रोग्रेशिभ फाइनान्स लि. २०५१

## ११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुको नाम र प्रस्तुत सुझावहरु :–

११.१) शेयरधनी श्री ब्रम्हदेव शाक्य

११.२) शेयरधनी श्री अमृतनाथ रेग्मी

११.३) शेयरधनी श्री डम्बर बल्लभ घिमिरे

११.४) शेयरधनी श्री रोजकुमार श्रेष्ठ

११.५) शेयरधनी श्री नवराज जोशी

११.६) शेयरधनी श्री राम गोपाल महर्जन

११.७) शेयरधनी श्री नरसिङ लाल चख्खु

११.८) शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ

### ११.१) शेयरधनी श्री ब्रम्हदेव शाक्य :

- मुनाफा प्राप्त गर्नु पर्‍यो ।
- हकप्रद शेयर आवहान गर्दा संस्थापक र संचालकहरुले कति रकम जम्मा गर्नुभएको हो सो को जानकारी दिनु पर्‍यो ?
- महाभुकम्प पश्चात श्रृजना भएको अवस्थाको जानकारी दिनु भई त्यसबाट श्रृजना हुनसक्ने असर तर्फ सजग रहन संचालक समितिलाई सुझाव दिनुभयो ।
- राहत रकम के कति वितरण गरिएको हो सो को जानकारी माग गर्नु भयो ।

### ११.२) शेयरधनी श्री अमृतनाथ रेग्मी :

- Paid Up Equity कम्ती रहेको बताउनु भयो ।
- लगानीमा जोड दिनु पर्ने सुझाव दिनु भयो ।
- ९ महिनाको संस्थाको अवस्था सुधार हुदै गएको बताउनु भयो ।
- नयां समूह आउनु भएकोमा स्वागतम गर्नुभयो ।
- नयां संचालकहरुलाई अनुमोदन गर्ने प्रस्ताव गर्नु भयो ।
- अपलेखन कति गरेको व्यहोरा आगामी साधारण सभाहरुमा राख्न अनुरोध गर्नु भयो ।
- Cost of Fund घटाउन सुझाव दिनुभयो ।
- NPL review राम्रो पक्ष भएको बताउनु भयो ।
- हकप्रद शेयरको लागि आधारभुत र संचालकहरुको तर्फबाट कति कति रकम जम्मा भयो सो को जानकारी माग गर्नु भयो ।

### ११.३) शेयरधनी श्री उद्धव घिमिरे :

- संस्थाको प्रतिफल पाउन अझै कति समय लाग्न सक्छ ?
- बासलातको घाटा घटाउनु पर्‍यो ।
- Equity बढाउनका लागि right call गर्नुपर्ने ।
- राम्रो बैंक वा वित्तीय संस्था संग मर्जर गर्नुपर्ने ।

प्रोग्रेसिभ फाइनान्स लि. २०५१

- Summarized Quartery Report 2071/72 अध्यक्षको प्रतिबेदनमा हुनुपर्ने ।
- Audit रिपोर्ट अझै राम्रो बनाउनुपर्ने ।
- वित्तीय विवरणहरुको chart बनाई प्रतिबेदनमा राख्नुपर्ने ।
- वार्षिक प्रतिवेदनको Table of Content राख्नुपर्ने ।
- Shareholders ले Dividend कहिले पाउने ।
- CD Ratios लाई सन्तुलन गर्नुपर्ने ।

**११.४) शेयरधनी श्री डम्बर बल्लभ घिमिरे :**

- 9 months को Quarterly report धेरै राम्रो छ ।
- राम्रा र ईमान्दार संचालकहरु आउनुभएको छ ।
- युवा प्रमुख कार्यकारी अधिकृत रहनुभएको छ युवा जोस र जाँगरले संस्थालाई राम्रो गर्नुनै हुनेछ ।
- मर्जर भन्दा पूंजी बृद्धी गरि आफैं संचालन गर्नुपर्ने ।
- राष्ट्र बैंकको निर्देशन अनुसार रहि प्रमुख कार्यकारी अधिकृतले राम्रो व्यवस्थापन गरि अगाडि बढ्नुपर्ने ।

**११.५) शेयरधनी श्री रोजकुमार श्रेष्ठ :**

- मर्जरमा जानुको विकल्प छैन तसर्थ संस्थाको performance ratios राम्रो बनाएर जानुपर्‍यो ।
- बोनस तथा कर्मचारी पछिको नाफा हुनुपर्नेमा अधिको नाफा किन निकालियो ?
- Internal Auditor लाई परिवर्तन गर्नुपर्ने ।
- वित्तीय विवरण round figure मा राख्नुपर्ने ।

**११.६) शेयरधनी श्री नवराज जोशी :**

- शेयरधनीले प्रतिवेदन गम्बिरतापूर्वक अध्ययन गर्नुपर्ने र संचालकहरुलाई मार्गनिर्देशन गर्नु पर्छ ।
- संचालकहरुले अठोट र शपथ लिई काम गर्नुपर्ने र छिटो भन्दा छिटो लाभांस दिने तर्फ लाग्नुपर्ने ।
- अध्यक्ष, संचालक तथा प्रमुख कार्यकारी अधिकृत राम्रो व्यक्तित्व भएको हुनुहुन्छ त्यसैले वहाँहरुले संस्थालाई अगाडी लानुपर्छ ।
- पुराना कर्जा असुल उपर गरि संस्थालाई अगाडी बढाउनुपर्‍यो ।
- संचालक समिति र प्रमुख कार्यकारी अधिकृतले यहि अठोट साथ लाग्ने हो भने अर्को साल लाभांस आउने आशा लागेको छ ।
- नीति, नियम अनुसार संस्था अगाडी बढ्छ भन्ने विश्वास छ ।

**११.७) शेयरधनी श्री राम गोपाल महर्जन :**

- कर्मचारीहरुलाई अझै क्षमतावान बनाउनुपर्ने, तथा क्षमताअनुसार कर्मचारीहरुले कार्य सम्पादन गर्नुपर्ने।
- कम्प्यूटरको युगमा कागजको चिठ्ठी पत्र नभई ईमेल इन्टरनेटको प्रयोग गर्नु गराउनुपर्‍यो ।
- नेपाल राष्ट्र बैंकको कैफियतहरु सुधार गर्नुपर्ने ।
- खराव ऋण असुली गर्नुपर्ने ।

११.८) **शेयरधनी श्री नरसिङ लाल चख्खु :**

- Loan Management & Deposit management गर्नुपऱ्यो ।
- संचालन मुनाफा Plus मा जानुपऱ्यो
- संचित नोक्सानीलाई संचित नाफाले परिपूर्ती गर्नुपऱ्यो ।
- Interest Receivable घटाउनुपऱ्यो ।
- IPO हरुमा लगानी गर्नुपऱ्यो ।
- CD ratio 80% हाराहारिमा राख्नुपऱ्यो ।
- समस्याग्रस्त संस्थाबाट निक्षेप फिर्ता ल्याउनु पऱ्यो ।
- HR को व्यवस्थापकिय क्षमता वृद्धि गर्नुपऱ्यो ।
- कर्जालाई मात्र नभई लगानीमा समेत वृद्धी पनि गर्नुपऱ्यो ।

११.९) **शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ :**

- वार्षिक साधारण सभा पाटनमा आएर किन गरेको ?
- पूँजी बढे पछि ४ करोड संचित नोक्सानी भएको संस्थालाई लाभांष वितरण गर्न अझै गाह्रे पर्न सक्छ।
- राम्रो कम्पनी खोजी मर्जरमा जानु उत्तम हुन सक्नछ ।

**१२. शेयरधनी महानुभावहरुका जिज्ञासाहरुमा सभाका सभापति श्री सिद्धिगोपाल मानन्धरज्यूले जवाफ प्रस्तुत गर्नुभयो । मुख्य मुख्य जवाफहरुको प्रश्तुती निम्नानुसार छन् :**

- यस संस्थाको सम्बन्धमा सकारात्मक कूराहरु बताइ दिनू भएकोमा शेयरधनी महानूभावज्यूहरुलाई धन्यवाद ।
- रु. २,२२,०४,०००÷- संचालक तथा संस्थापक शेयरधनीहरुबाट जम्मा भई आब्हान पत्र निष्काशन गरिएकोछ ।
- महाभुकम्प पश्चात राहत स्वरुप वित्तीय संघ मार्फत खर्चहुने गरि रु.१ (एक) लाख रकम तथा कर्मचारीहरुबाट आफ्नो तलब मध्यबाट ७० (सत्तरी) हजार जति रकम प्रधानमन्त्रि राहत कोषमा जम्मा गरिएको ।
- कर्मचारीहरुलाई तालिम दिने व्यवस्था रहेको छ र समय समयमा आवश्यक तालिमहरु दिई नै रहेका छौं ।
- संस्थाको निक्षेप र कर्जा लगानी बृद्धिमा ध्यान दिइरहेका छौं । निक्षेप योजनाहरु पनि नयाँ नयाँ लागू गर्दै गइराखेको छौं ।
- पूरानो कर्जा लगानीको असूलि कार्यलाई तिव्रता दिइ रहेका छौं ।
- एसएमएस सेवा संचालन गरिसकेका छौ तथा छिटै एटिएम, मोबाईल तथा ईबैंकि[a] सेवा संचालन गर्न अध्ययन गर्दैछौं ।
- आवश्यक परेमा यहाँहरुकै सल्लाहा सुझाव बमोजिम राम्रो कम्पनी संग एकिकरणमा जान सकिन्छ ।
- व्यवस्थापक र संचालक समितिको सम्बन्ध अति राम्रो रहेको छ । भविष्यमा पनि अझ सुमधुर गराउदै लगिने छ ।
- मुनाफा बृद्धि गरि लाभाषं दिनको लागि संचालक समिति तथा व्यवस्थापन लागिपरेकोछ ।

➢ बार्षिक साधारण सभा सधै काठमाण्डौमै गरिएकाले यहाँहरुकै आग्रह बमोजिम यसपालि पाटनमा गरिएको हो ।

➢ आगामी दिनहरुमा यहांहरुका सुझावहरुलाई मनन गरि सोही अनुसार कार्यान्वयन गर्नेछौ ।

## १३. उल्लेखित छलफल पछि सभाबाट सर्वसम्मतिले भएका निर्णयहरु :

**क) सामान्य प्रस्तावहरु :**

१. अठारौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत वार्षिक प्रतिवेदनलाई पारित गरियोस् भनि सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरिक्षक प्रतिवेदन सहितको आ.व. २०७०/०७१ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण छलफल पश्चात् पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

३. आ.व. २०७१/०७२ को लेखापरीक्षणको लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा छलफल हुदां सुजन काफ्ले एण्ड एसोसिएट्सका लेखापरिक्षक श्री सुजन कुमार काफ्लेलाई नियुक्त गर्ने र निजले सो कार्य गरे वापत रु.५५,०००/- (अक्षरेपी: पचपन्न हजार रुपैया मात्र) (भ्याट कर बाहेक) पारिश्रमिक उपलब्ध गराउने गरी लेखापरिक्षण समितिले गरेको सिफारिस स्वीकृत गरी सोही बमोजिम लेखापरिक्षक नियुक्ति गर्ने निर्णय पारित गरियो ।

४. संस्थापक समुह 'क' तर्फका ३ जना संचालकहरुको निर्वाचन गर्ने प्रस्ताव पेश हुदां निर्वाचन अधिकृत श्री मिलन कुमार राईले संस्थाको निर्वाचन सम्बन्धि निर्देशिका बमोजिम प्रकृया अवलम्बन गर्दा आगामी कार्यकालका लागि ३ जना संचालक छनौट गर्नु पर्नेमा श्री आर्शिवाद फर्निचर उद्योगको तर्फबाट श्री मुकुन्द प्रसाद दाहाल, श्री सिद्धिगोपाल मानन्धर र श्री डा.खडानन्द दुलाल उम्मेदवारी परेकाले वहाँहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नु भयो । सो बमोजिम निर्वाचित भएका संचालकहरुलाई यस अठारौं बार्षिक साधारणसभाले स्वीकृती प्रदन गर्ने निर्णय पारित गरियो ।

५. विविध :

क) शेयरधनी हाथवे ईन्भेष्टमेन्ट प्रा.लि र श्री अमृतनाथ रेग्मीले प्रस्ताव गर्नुभए बमोजिम संचालक समितिबाट बाँकी कार्यकालका लागि नियुक्त सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने २ (दुई) जना संचालकहरु श्री रणदेव कृष्ण श्रेष्ठ तथा श्री लक्ष्मण यादवको नियुक्ती अनुमोदन गर्ने निर्णय पारित गरियो ।

**ख) विशेष प्रस्तावहरु**

१. अध्यक्ष,संचालक तथा कार्यकारी प्रमुख अधिकृतको नियुक्ति तथा कार्यकाल सम्बन्धमा नियमावलीमा निम्न बमोजिम शंशोधन गर्ने निर्णय पारित गरियो ।

क. दफा ८ को उपदफा (३) संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । निजहरु उक्त पदमा पुन निर्वाचित, मनोनित वा नियुक्ति हुन सक्ने छन् तर संस्थाको अध्यक्ष र संचालक लगातार दुई पटक भन्दा बढि उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैन ।

ख. दफा २० को उपदफा (४) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुर्ननियुक्ति हुन सक्नेछ । तर वित्तीय संस्थाको कार्यकारी प्रमुख लगातार दुई पटक भन्दा बढि उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैन ।

२. संस्थाको नियमावली संशोधन गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायबाट स्वीकृत गराउनका लागि आवश्यकता अनुसार सोमा थप घट गर्न वा संशोधन गर्नुपरेमा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियावली,२०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र ( Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसंग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

तत्पश्चात् सौहार्दपुर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गरकोमा शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु लगायत सबैलाई धन्यवाद दिदैं सभाका सभापतिले अठारौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो । ततपश्चात सभा बिसर्जन भयो ।

| | | |
|---|---|---|
| ................................ | प्रोग्रेसिभ फाइनान्स लि. २०५९ | ................................ |
| (सिद्धिगोपाल मानन्धर) | | (विशाल हुमागांई) |
| अध्यक्ष | | कम्पनी सचिव |